भाग १

बेलौरी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

**कृषि विकास शाखा**

बेलौरी, कञ्चनपुर

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलौरी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

## <u>बोलपत्र आह्वान सम्बन्धी सूचना</u>

## <u>प्रथम पटक प्रकाशित सूचना २०८०/०६/१२</u>

यस कार्यालयको चालु आ.व.२०८०/०८१ मा ५० प्रतिशत अनुदानमा गहुको उन्नत वीउ वितरण गर्ने कार्यक्रम रहेकोले गहुँको उन्नत वीउ आपुर्ति गर्नुपर्ने भएको हुदा ईच्छुक वीउ विजन विक्री ईजाजत प्राप्त कृषक समुह, वीउ उत्पादक कम्पनी र कृषि सहकारी संस्थाहरुबाट उन्नत गहुँको वीउ आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रही देहाय बमोजिम बोलपत्र आह्वान गरिएको छ ।

१) बोलपत्र आव्हान्को सुचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पठक प्रकाशित भएको मितिले ३० दिन (२०८०/०७/ ११ गते ) भित्र रु.३,०००।- ( तिन हजार पछि फिर्ता नहुने गरि ) तिरी प्राप्त गरेको रसिद,आ.व. २०७९/०८० का लागि नविकरण भएको दर्ता प्रमाण पत्र, मु.अ.क.मा दर्ता हुनु पर्ने सप्लायर्स भए सोको प्रमाण पत्रको प्रतिलिपि ,गत आ.व.सम्मको कर तिरेको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीहरु ,सम्वन्धित निकायमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी,वीउ विजन विक्री वितरणको इजाजत पत्र,वीउ परिक्षण सम्बन्धी प्रतिवेदन,खडा वालि निरिक्षण प्रतिवेदन,स्थायि लेखा नम्वर प्रमाण पत्र ,आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन , मुल तथा प्रमाणित वीउको स्रोत खुल्ने कागजातको प्रतिलिपि,खरिद कार्वाहीमा भागलिन अयोग्य नभएको लिखित घोषण पत्र र प्रोप्राईटर स्वयम उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयको कृषि विकास शाखाबाट वोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछ ।

२) यस कार्यालयको प्रमुखले सहि गरेको र कार्यालयको छाप लागेको बोलपत्र खरिद गरी सोहि फाराममा बोलपत्र पेश गर्नु पर्ने छ ।

३) बोलपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी कामको नाम र ठेक्का नं. स्पष्ट उल्लेख गरी आपुर्तिकर्ताको नाम र छाप लगाएको सिलबन्दिको लाहाछापको नाम र संख्या स्पष्ट उल्लेख हुनुपर्नेछ ।

४) यस कार्यालयबाट बिक्रि नभएको, जमानत संलग्न भै नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र बोलपत्रको व्यहोरा फरक परेको, सिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाहि गरिने छैन ।

५) बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन (२०८०/०७/१२ गते) को दिउसो १२:०० बजे भित्र दर्ता गराउनु पर्नेछ । तोकेको मिति तथा समयभन्दा पछि बुझाएको बोलपत्र स्विकार गरिने छैन । सोहि दिनको २:०० बजे उपस्थित भएका बोलपत्र दाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

२०८०/६/११

नि.प्रमुख प्रशासकीय अधिकृत

६) बोलपत्र दाताले धरौटी वापतको रकम रु.१,५०,,०००।(एकलाख पचास हजार) मात्र बेलौरी नगरपालिकाको कार्यालय कञ्चनपुरको रा.वा.बैंक शाखा कार्यालय बेलौरीमा रहेको कार्यालयको धरौटी खाता नं. ४३९०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारलाई मान्य हुने (क श्रेणीको) वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको बोलपत्र जमानत (बिड बण्ड) बोलपत्र साथ पेश गर्नुपर्नेछ । घटी म्याद वा घटी रकम समावेश भएको बोलपत्र उपर कारवाही हुने छैन ।

७)बोलपत्र दर्ता गर्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिनको दिउसो १२:०० बजे भित्र बोलपत्र दर्ता गर्न सकिने छ ।

८)पेश भएको बोलपत्रको कवोल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

९) पेश भएका बोलपत्र स्विकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

१०) म्याद नाघि आएको, रित नपुगेको, शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११) एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१२)खरिद गरिने सामाग्रीको तोकिएको स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ ।

१३) यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१४) यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस कार्यालयको टेलिफोन नम्बर ०९९-५८०३५३ मा कार्यालय समय भित्र सम्पर्क गरी प्राप्त गर्न सकिने छ ।

तपसिल

| ठेक्का नं. | विवरण | ल.ई.अकं रु. | धरौटी रकम |
|---|---|---|---|
| ०१/०८०/०८१ | ५०% अनुदानमा उन्नत गहुँको बीउ वितरण कार्यक्रम | रु. ६०,०००००।-(कार्यालयको ५०प्रतिशत र कृषकले व्यहोर्ने ५० प्रतिशत गरि जम्मा रकम) | १,५०,०००।- |

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

२०८०/८/११

नि.प्रमुख प्रशासकीय अधिकृत